DISABILITY & BEHAVIOR: PREVENTING SCHOOL DISCIPLINE, PUNISHMENT & SEGREGATION

# तथ्यपत्र: अपाङ्गता भएका विद्यार्थीहरूको स्कुलको अनुशासनात्मक कार्यवाही

## ध्यान दिनुपर्ने सामान्य कुराहरू

- विद्यार्थी र परिवारहरूले स्कुलहरूमा सीमित अपवादहरू बाहेक आफ्ना संवैधानिक अधिकारहरू कायम राख्छन् । उदाहरणका लागि, वाक स्वतन्त्रता, गोपनीयता, समान संरक्षण र उचित प्रक्रिया ।

- विद्यार्थीको व्यवहार स्कुलमा हुँदा, स्कुल जाँदा तथा स्कुलबाट फर्कदा, स्कुलद्वारा प्रायोजित कार्यक्रमहरूमा वा आचरणको स्कुलमा उल्लेख्य प्रभाव हुँदा मात्र स्कुलहरूसँग विद्यार्थीको आचरणमा अनुशासनात्मक कार्यवाही गर्ने अधिकार हुन्छ ।

- स्कुलहरूले विद्यार्थीहरूलाई उनीहरूले स्कुलको प्रकाशित आचारसंहितामा सूचिकृत नियमहरू उल्लंघन गरेमा मात्र सजाय दिन सक्छन् ।

- अभिभावक तथा विद्यार्थीहरूसँग आचारसंहिताका प्रतिहरू प्राप्त गर्ने अधिकार हुन्छ ।

- अभिभावकहरूले स्कुलबाट पठाइएका सबै लिखित पत्राचार पढ्नुपर्छ र आफूले हस्ताक्षर गर्ने कुनै पनि कुरालाई आफूले बुझेको र त्यसमा सहमत हुनुहुन्छ भनेर सुनिश्चित गर्नुपर्छ ।

- अभिभावक र संरक्षकहरूसँग अनुशासनात्मक कार्यवाहीको सम्बन्धमा कुनै पनि जानकारी आफूले चाहेको भाषामा प्राप्त गर्ने अधिकार हुन्छ ।

- अपाङ्गता भएका विद्यार्थीहरूसँग उचित अनुशासनात्मक कार्यवाहीका लागि अपाङ्गता नभएका विद्यार्थीहरू झैं सबै समान अधिकारहरूका साथसाथै अपाङ्गता भएको विद्यार्थीको रूपमा पहिचान गरिएकोले थप अधिकारहरू हुन्छ ।

- अपाङ्गता भएका विद्याथीहरूलाई उनीहरूको अपाङ्गताको कारणले गर्दा भएका व्यवहारहरूका लागि सजाय दिन वा अनुशासनात्मक कार्यवाही गर्न सकिन्न । व्यवहारका लागि उपयुक्त प्रतिकार्य निर्धारण गर्नका निम्ति ती व्यवहारहरू अनिवार्य रूपमा IEP टोली बैठकको विषय हुनुपर्छ ।

- यदि तपाईंको बच्चालाई 3 दिनभन्दा कम समयका लागि निलम्बन गरिँदैछ भने तपाईंसँग कहिले र किन तपाईंको बच्चालाई स्कुल वा कक्षाकोठाबाट बाहिर राखिन्छ भनेर जान्ने अधिकार हुन्छ । यदि तपाईंले फोन कल वा लिखित स्पष्टीकरण प्राप्त गर्नुभएको छैन भने तपाईंको बच्चाको स्कुलका प्रिन्सिपललाई फोन गरेर स्पष्टीकरण माग गर्नुहोस् ।

- यदि तपाईंको बच्चालाई 3 भन्दा बढी तर 10 दिनभन्दा कम समयका लागि निलम्बन गरिँदैछ भने तपाईंसँग अनौपचारिक सुनुवाइको अधिकार हुन्छ जसमा तपाईंले व्यवहार र सो व्यवहारमा स्कुलको जवाफका बारेमा प्रश्नहरू सोध्न र आफ्नो स्वयंको जानकारी प्रस्तुत गर्न सक्नुहुन्छ । निलम्बन तीन लगातार स्कुल दिनभन्दा बढी समयका लागि हुँदा स्कुलले अनिवार्य रूपमा निलम्बनको पहिलो पाँच दिनभित्र अनौपचारिक सुनुवाइ प्रस्ताव गर्नुपर्छ । अनौपचारिक सुनुवाइभन्दा पहिले स्कुलहरूले अनिवार्य रूपमा निलम्बनका कारणहरूको लिखित सूचनाका साथसाथै सुनुवाइको समय तथा सूचनाको पर्याप्त अग्रिम सूचना उपलब्ध गराउनुपर्छ । विद्यार्थीसँग सुनुवाइमा साक्षीहरू ल्याउने र सुनुवाइमा उपस्थित कुनै पनि साक्षीहरूलाई प्रश्न सोध्ने अधिकार हुन्छ ।

- सुनुवाइ र निर्णयहरूका लागि कानुनी समयसीमाहरू पूरा गर्नमा स्कुलहरू असफल हुँदा सीमित मामिलाहरूमा बाहेक विद्यार्थीसँग स्कुलमा फर्कने अधिकार हुन्छ ।

- यदि अपाङ्गता भएको तपाईंको विद्यार्थीलाई धम्काइएको, डर त्रास देखाइएको वा दुख दिइएको (बुल्ली गरिएको) वा दुर्व्यवहार गरिएको छ भने आफ्नो स्कुललाई लिखित उजुरी दिनुहोस् र बुलिङ तथा दुर्व्यवहारलाई सम्बोधन गर्नका निम्ति IEP लाई कसरी शंसोधन गर्ने भनेर छलफल गर्नका लागि IEP टोलीको बैठक बोलाउनुहोस् । थप जानकारीका लागि एजुकेशन ल सेन्टरको तथ्यपत्र हेर्नुहोस् । IEP हरू व्यवस्थापन गर्ने बारेमा सहयोगका लागि तपाईंले PEAL सेन्टरलाई सम्पर्क पनि गर्न सक्नुहुन्छ ।

## निलम्बनहरू

निलम्बन भनेको लगातार एकदेखि दश दिनसम्म स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने कार्य हो । स्कुल दिनको कुनै हिस्साका लागि गरिएको निलम्बनलाई एक दिनको निलम्बनको रूपमा गणना गरिनुपर्छ । लगातार 10 दिनभन्दा बढी समयको स्कुल बाहिरको कुनै पनि निलम्बन निष्कासन हुन्छ जुन सजाय निर्धारण गरिनुभन्दा पहिले विद्यार्थीहरूका लागि थप अधिकारहरूका साथ आउँछ ।

## स्कुल भित्रका निलम्बनहरू

- विद्यार्थीलाई स्कुल भित्रको निलम्बन दिन सकिनुभन्दा पहिले अभिभावक वा संरक्षकलाई अनिवार्य रूपमा सूचित गरिनुपर्छ, विद्यार्थीलाई उनले किन सजाय प्राप्त गर्दै छन् भनेर अनिवार्य रूपमा बताइनुपर्छ र विद्यार्थीलाई जवाफ फर्काउनका लागि अनिवार्य रूपमा मौका दिइनुपर्छ ।

- विद्यार्थीले स्कुल भित्रको निलम्बनको बेला अनिवार्य रूपमा शिक्षा प्राप्त गर्न जारी राख्नुपर्छ ।

- यदि स्कुल भित्रको निलम्बन लगातार 10 दिनभन्दा बढी समयका लागि हुन्छ भने विद्यार्थीलाई अनिवार्य रूपमा अनौपचारिक सुनुवाइ प्रस्ताव गरिनुपर्छ ।

## स्कुल बाहिरका निलम्बनहरू

- स्कुल बाहिरका निलम्बनहरू एकदेखि दश दिनसम्म हुन सक्छन् । लगातार दश दिनभन्दा बढी समयको स्कुल बाहिरको कुनै पनि निलम्बन निष्कासन हुन्छ ।

- अनौपचारिक सुनुवाइहरू: यदि निलम्बन तीन लगातार स्कुल दिनभन्दा बढी समयका लागि हुन्छ भने स्कुलले अनिवार्य रूपमा निलम्बनको पहिलो पाँच दिनभित्र अनौपचारिक सुनुवाइ प्रस्ताव गर्नुपर्छ । अनौपचारिक सुनुवाइभन्दा पहिले स्कुलहरूले अनिवार्य रूपमा निलम्बनका कारणहरूको लिखित सूचनाका साथसाथै सुनुवाइको समय तथा सूचनाको पर्याप्त अग्रिम सूचना उपलब्ध गराउनुपर्छ । विद्यार्थीसँग सुनुवाइमा साक्षीहरू ल्याउने र सुनुवाइमा उपस्थित कुनै पनि साक्षीहरूलाई प्रश्न सोध्ने अधिकार हुन्छ ।

- निश्चित परिस्थितिहरूमा स्कुलले अभिभावकको सहमति नलिइकनै 45 दिनसम्मका लागि विद्यार्थीलाई वैकल्पिक शिक्षा वातावरणमा स्थानान्तरण गर्न सक्नेछ । यदि कथित गलत आचरण हातहतियार, लागूपदार्थ वा शरीरमा गम्भीर चोटपटक लगाउने कार्यसँग सम्बन्धित छ भने यसो गर्न सकिनेछ । निश्चित उल्लंघनहरूका लागि कृपया एजुकेशन ल सेन्टरको तथ्यपत्र हेर्नुहोस् । यस प्रकारको स्थानान्तरणलाई अतिशीघ्र गरिएको उचित प्रक्रिया सुनुवाइमार्फत चुनौती दिन सकिनेछ ।

## निष्कासनहरू

- 10 दिनभन्दा बढी समयका लागि गरिने कुनै पनि निष्कासनभन्दा पहिले स्कुलहरूले अनिवार्य रूपमा औपचारिक निष्कासन सुनुवाइ बोलाउनुपर्छ । स्कुलले विद्यार्थी स्कुलको सुरक्षाका लागि खतरा छन् भनेर निर्धारण नगर्दासम्म निष्कासनको सुनुवाइ हुँदासम्म विद्यार्थीसँग स्कुलमा फिर्ता आउने अधिकार हुन्छ ।

- स्कुलले तपाईंलाई अनिवार्य रूपमा सर्टिफाइड मेलद्वारा सुनुवाइभन्दा कम्तीमा पनि 3 दिन पहिले सुनुवाइको समय तथा स्थानको सूचना दिनुपर्छ । तपाईंको विद्यार्थीसँग सुनुवाइको बेला र सुनुवाइपछि थप अधिकारहरू हुन्छ । सुनुवाइका बारेमा थप जानकारी जान्नका लागि कृपया एजुकेशन ल सेन्टरको निष्कासनसम्बन्धी तथ्यपत्र हेर्नुहोस् ।

## अपाङ्गता भएका विद्यार्थीहरू

- माथि छलफल गरिएका अधिकारहरूका अतिरिक्त अपाङ्गता भएका विद्यार्थीहरूसँग थप संरक्षणहरू पनि हुन्छ जसलाई स्कुलले स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने निश्चित प्रकारका अनुशासनात्मक कार्यवाहीहरू गर्नुभन्दा पहिले अनिवार्य रूपमा पालना गरिनुपर्छ ।

- विद्यार्थीको IEP नभइसकेको भएतापनि यदि अभिभावकले विशेष शिक्षा मूल्याङ्कन अनुरोध गर्नुभएको छ, विद्यार्थीलाई विशेष शिक्षा आवश्यक पर्छ भनेर स्कुललाई लिखितमा सूचित गर्नुभएको छ वा स्कुलका कर्मचारीले विशेष शिक्षा अधिकारीहरूलाई विद्यार्थीको व्यवहारको सम्बन्धमा चिन्ताको कुरा व्यक्त गर्नुभएको छ भने सो विद्याथीले IEP भएका विद्यार्थीहरू झैं समान संरक्षणहरू दाबी गर्न सक्छन् ।

- बौद्धिक अपाङ्गता भएको विद्यार्थीलाई अभिभावकको सहमति, राज्यको शिक्षा विभागको सहमति वा सुनुवाइ अधिकारी अथवा न्यायाधीशको आदेश नभइकन कुनै पनि समयका लागि निलम्बन गर्न सकिँदैन ।

- 504 योजना भएका विद्यार्थीहरूको हकमा विद्यार्थीलाई निलम्बन वा निष्कासन गर्नुभन्दा पहिले स्कुलहरूले विद्यार्थीको आचरण विद्यार्थीको अपाङ्गताको कारणले गर्दा भएको हो कि होइन भनेर जान्नका लागि अनिवार्य रूपमा मूल्याङ्कन गर्नुपर्छ ।

- यदि स्कुलले IEP भएको विद्यार्थीलाई लगातार 10 दिनभन्दा बढी वा एक स्कुल वर्षमा कुल 15 दिनभन्दा बढी समयका लागि निलम्बन गर्न चाहन्छ भने स्कुलले अनिवार्य रूपमा विशेष नियमहरू पालना गर्नुपर्छ किनभने सो निलम्बनलाई "प्लेसमेन्ट (स्थापन) मा परिवर्तन" मानिनेछ । अभिभावकसहित विद्यार्थीका बारेमा जानकार रहेका मानिसहरूको टोलीले अनिवार्य रूपमा अपाङ्गताको कारणले गर्दा आचरण भएको हो कि होइन भन्ने निर्णयको समीक्षा गर्नुपर्छ ।
    - अपाङ्गताको कारणले गर्दा आचरण भएको हो कि होइन भनेर गरिने निर्धारण सुनुवाइ अनिवार्य रूपमा विद्यार्थीलाई निष्कासन गर्ने निर्णयको 10 दिनभित्र र अनुशासनात्मक कार्यवाही लागू गरिनुभन्दा पहिले आयोजना गरिनुपर्छ ।
    - यदि टोलीले विद्यार्थी आचरण उनको अपाङ्गताको कारणले गर्दा भएको भनेर निर्णय गर्छ भने माथि सूचिकृत निश्चित परिस्थितिहरूमा बाहेक विद्यार्थीलाई निष्कासन गर्न सकिन्न । IEP टोलीले अनिवार्य रूपमा कार्यात्मक व्यवहार मूल्याङ्कन पनि गर्नुपर्छ वा विद्यार्थीको सकारात्मक व्यवहार सहायता योजना शंसोधन गर्नुपर्छ ।
    - यदि टोलीले आचरण बच्चाको अपाङ्गताको कारणले गर्दा भएको थिएन भनेर निर्धारण गर्छ र अभिभावक सो निर्णयसँग सहमत हुनुहुन्न भने अभिभावकले निर्धारणलाई चुनौती दिनका लागि विशेष शिक्षा सुनुवाइ अनुरोध गर्न सक्नुहुनेछ ।

- यदि अपाङ्गता भएको विद्यार्थीलाई निष्कासन गरिन्छ भने पनि विद्यार्थीलाई स्कुलबाट बाहिर राखिएको सम्पूर्ण समयका लागि स्कुलले अनिवार्य रूपमा विद्यार्थीको IEP अनुसार विद्यार्थीले नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा प्राप्त गर्नका लागि व्यवस्थाहरू मिलाउनुपर्छ ।

**यस परियोजनाका लागि पेन्सलभेनियाको स्वास्थ्य विभागद्वारा आर्थिक सहयोग गरिएको थियो ।**

PEAL CENTER
https://www.pealcenter.org/

*यस कागजातलाई द PEAL सेन्टर (The PEAL Center) द्वारा एजुकेशन ल सेन्टर (Education Law Center) सँगको सहकार्यमा निर्माण गरिएको हो । थप जानकारीका लागि, कृपया एजुकेशन ल सेन्टरको वेबसाइटमा जानुहोस् जसले स्कुलको अनुशासनात्मक कार्यवाहीको सम्बन्धमा अनेकौं तथ्यपत्र र स्व-पैरवी साधनहरू उपलब्ध गराउँछ ।*

EDUCATION LAW CENTER
https://www.elc-pa.org/